आजमिति २०७८ साल चैत ७ गते सोमबारको दिन गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शंकरहरी आचार्य ज्यू,को अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिमको विषयमा छलफल तथा निर्णय गरियो।

विशेष उपस्थिती:

श्री अशोककुमार शुक्ला, प्रमुख, जि.स.स, गोरखा।

श्री ई. दिपकबाबु कँडेल, मेयर, पालुङटार न.पा.गोरखा

उपस्थिती:

अध्यक्ष: श्री शंकरहरि आचार्य, प्र.जि.अ., गोरखा।

सदस्य: श्री तानीबाबु पौडेल, जि.स.अ., जि.स.स.गोरखा

" " हेम बहादुर राना अध्यक्ष, गण्डकी गाउपा.

" विष्णु प्रसाद भट्ट - अध्यक्ष बारपाक सुलिकोट गा.पा. विष्णु

केदार खनाल प्र.उ. जि.प्र.का. गोरखा

" काजी राज शेख सचिव नेकपा (एमाले)

मिलन कु. श्रेष्ठ नेपाली कांग्रेस

आस्था देवकोटा, वकिलो, दैपेटार, भालुसुवारा, बारपाक SASK योजना, गोरखा

इश्वर पाण्डे - अध्यक्ष सिरानचोक गा.पा.

नरहरी लामिछाने - अध्यक्ष पत्रकार महासंघ, गोरखा

ओम राज पुडासैनी जि.वि.ई. स्वास्थ्य विकास कार्यालय ओम

लुमनाथ लामिछाने - सहसचिव - नेपाली कांग्रेस जि.अ.स. गोरखा

" ईश्वरी प्र. न्यौपाने - नि. प्रहरी प्र.अ. सा.म. प्रह. प्र.

सहदेव खनाल, प्र.प्र.अ. आरुघाट गा.पा.

अहमद दिन मियाँ, सं. पा. सिरानचोक गाउँपालिका

राजिव देवकोटा, श्रोतव्यक्ति, पुआहारा/स्वास्थ्य कार्यालय गोरखा

नारायणबाबु अर्याल, का.ले.नि. स्वास्थ्य कार्यालय गोरखा

सन्दीप अधिकारी उप.अ.नि. स.अ.प्र.अ. गोरखा

सि.प्र.ना.उ. रमेश थापा मगर, श्री वर नेपाल नं २५ गुल्म गोरखा

प्रहरी वरिष्ठ अधिकृत नरेश पौडेल, जि.प्र.का. गोरखा

डिभिजन प्रमुख खानेपानी तथा स.स.डि.का. किरण पौडेल

डिभिजन प्रमुख, प्रकाश लम्साल, ज.स्रो.वि.डि.का., गोरखा

कमल कुमारी श्रेष्ठ, मंगोल नेसनल कांग्रेस जिल्ला सचिव

आशा घले मंगोल नेशनल अर्गनाइजेशन जिल्ला सदस्य

प्रसाद गुरुङ मंगोल नेशनल अर्गनाइजेशन जिल्ला सदस्य

हीरा बहादुर मंगोल

धन बहादुर गुरुङ मंगोल नेशनल अर्गनाइजेशन जिल्ला सदस्य

Scanned with CamScanner

प्र. सङ् ठकुरी स्वास्थ्य कार्यालय, गोरखा

श्री पियुषचेन गणा- सेनानी प्रकाश परिवार

दिनेश राज पन्त, प्र.प्र.अ., गोरखा नगरपालिका

राम प्रसाद पौडेल पा.ई.पत्र. बिम्ब

डा धर्म कुमार श्रेष्ठ गोरखा अस्पताल

लोकनाथ बराल बडाअध्यक्ष पा.न.पा. २

यदु विनोद भट्टराई मेईसी गोरखा - उपाध्यक्ष

कृष्ण कुमार श्रेष्ठ अध्यक्ष गोरखा उद्योग वाणिज्य संघ

सीताराम श्रेष्ठ- अध्यक्ष, औ.ह.स. महासंघ

भाईचन्द्र श्रेष्ठ किंग्स गोरखा होटल

कृष्ण राना मगर. ने.क.पा (माओवादी केन्द्र)

रविन्द्र थापा ने. परिवार दल

रविना कुमारी श्रेष्ठ गो.न.पा. उप प्रमुख

प्रदिप कुमार रुपारवेती (प्र. प्रमुख) ने.वि.प्रा.

सुर्य नारायण श्रेष्ठ नी.प्र. जि.स.का. गोरखा

आज मिति २०७८/१२/०७ गते सोमबारका दिन गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री शंकरहरि आचार्यको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुख, पालिकाका प्रमुख/ उपप्रमुख, राजनैतिक पार्टीका प्रमुख/प्रतिनिधी ,विभिन्न कार्यालयका प्रमुख/ प्रतिनिधि ,जिल्ला स्थित सुरक्षा निकायका प्रमुख तथा संघ/संस्था लगायतको उपस्थितिमा भएको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयहरु:

**प्रस्तावहरु**

१. बारपाक सुलिकोट गाउँपालिकाको नाममा कायम रहेका जग्गा बारपाक बहुप्राविधिक शिक्षालय बारपाक सुलिकोटलाई लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिबाट सिफारिस गर्ने।

२. सशस्त्र प्रहरी बल नेपाल B.O.P. छेकम्पार स्थापना गर्न लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिबाट सिफारिस गर्ने।

३. विविध सम्बन्धमा।

**छलफल तथा निर्णयहरु:**

निर्णय नं. १

बारपाक सुलिकोट गाउँपालिकाको प.सं. ०७८/०७९ च.नं. १४६१ मिति २०७८/१२/०१ को पत्रबाट बारपाक सुलिकोट गाउँपालिकाको नाममा रहेका देहाय बमोजिमका विभिन्न १४ वटा कित्ताहरुको २५-३-३-० क्षेत्रफलका जग्गा बारपाक बहु-प्राविधिक शिक्षालय बारपाक सुलिकोट -४, गोरखालाई निशुल्क लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धमा बारपाक सुलिकोट गाउँपालिकाको मिति २०७८/११/१८ को स्थानिय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार निशुल्क लिजमा दिने र सो जग्गा शिक्षालयलाई निशुल्क लिजमा दिदा विपद् व्यवस्थापनको हिसाबले खासै समस्या नपर्ने भनि लेखी आएको। सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा ७ वमोजिम उक्त जग्गा विपद् उद्धार तथा व्यवस्थापनको लागी आवश्यक भएको खण्डमा बारपाक बहु-प्राविधिक शिक्षालयले उपभोग गरेतापनी आवश्यक परेको खण्डमा विपद् व्यवस्थापनको कार्यमा प्रयोग गर्न सकिने कुरा जिल्ला विपद् व्यवस्थापन समितिले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा १० मा उल्लेख भएको सिफारिस समितिमा सिफारिसको लागी पठाउने निर्णय गरियो।

**देहाय:**

| क्र.स. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | ८६७ | ०-१५-१-० | |
| २ | ८६८ | ०-१५-१-० | |
| ३ | ८१८ | १-८-०-३ | |
| ४ | ८२२ | ०-१-१-० | |
| ५ | ८२३ | ३-४-०-३ | |
| ६ | ८१९ | ०-९-१-३ | |
| ७ | ८१० | १-४-१-३ | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ८ | ८२० | ०-१५-३-० | |
| ९ | ८२१ | ०-२-३-१ | |
| १० | १०४२ | ५-०-०-० | |
| ११ | ८२४ | ३-१०-२-० | |
| १२ | ८११ | १-७-३-२ | |
| १३ | १०४३ | ०-७-०-३ | |
| १४ | ८२६ | ४-१३-१-२ | |
| जम्मा | | २५-३-३-० | |

निर्णय नं. २

गोरखा जिल्ला चुमनुब्री गाउँपालिका वडा नं. ७ छेकम्पारको नक्सा नं. ०९०/१३६७ कित्ता नं. १ रहेको पाङदुङ डाँडामा अवस्थित २४१३ रोपनी ८ धुर १ पैसा २ दाम जग्गा मध्ये पाङदुङ देखी निलेछुले जाने बाटोको दाहिना माथी तर्फको २० रोपनी जग्गा विपद् व्यवस्थापनमा आवश्यक नपर्ने र सो जग्गामा सशस्त्र प्रहरी बल नेपालको बि.ओ.पि. छेकम्पार स्थापना गर्न चुमनुब्री गाउँपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०७८ माघ २४ गतेको निर्णय तथा चुमनुब्री गाउँपालिकाको च.नं. ६५२ मिति २०७८/१०/२६ गतेको सिफारिस पत्र अनुसार उक्त २० रोपनी जग्गा विपद् व्यवस्थापनमा आवश्यक नपर्ने हुदाँ सशस्त्र प्रहरी बल नेपालको बि.ओ.पि. छेकम्पार स्थापना गर्न सिफारिस गर्ने भनि लेखी आएको सन्दर्भमा उक्त सार्वजनिक प्रकृतिको जग्गा सशस्त्र प्रहरी बल नेपालको वि.ओ.पि. छेकम्पार स्थापनाको लागी सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ को दफा १० मा उल्लेखित सिफारिस समितिमा सिफारिस गर्नको लागि लेखी पठाउने।

निर्णय नं. ३

गर्मीयाम सुरुहुन लागेकोले विभिन्न ठाउँहरुमा आगोलागीका घटनाहरु घट्न गई ठुलो धनजनको क्षती हुने सम्भावना रहन्छ। तसर्थ सरोकार वाला सबै निकायहरुले आगलागीका घटनाहरु हुनै नदिने केही गरी घटना घटेमा आगो निभाउन सक्रियता पूर्वक पहलकदमी गर्ने, स्थानिय तहहरु, डिभिजन वन कार्यालय र विभिन्न सामुदायिक वनहरुले वन क्षेत्रमा फायरलाईन निर्माण गरी आगो लागी हुनबाट रोक्न पहलकदमी गर्ने, सबै पालिकाहरुले यस क्षेत्रमा उच्च पहलकदमीका साथ कार्य गर्ने।

निर्णय नं. ४

विभिन्न विपद्का घटनाहरु जस्तै भु-कम्प, बाढी पहिरो, आगलागी, चट्याङ्ग पर्नु, आदीको कारणले हुने ठुलो धनजनको क्षतिलाई न्यूनिकरण गर्न विभिन्न सरोकारवाला निकायहरु (स्थानिय पालिकाहरु, रेडक्रस, गैर सरकारी संस्था, विभिन्न संचार माध्यम) लगायत सबै सरोकारवाला निकायहरुले त्यस्तो विपद्बाट बच्नको लागी सचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने। उक्त कार्यले विपद्का घटना घट्न नदिन र कथम कदाचित घटना घटेमा पनि सो को सहज व्यवस्थापन गरी सामाजिक सद्भाव कायम राख्न मद्धत गर्दछ।

Scanned with CamScanner

निर्णय नं. ५

बेमौसमी बर्षाका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहात उपलब्ध गराउने मापदण्ड, २०७८ बमोजिम सबै पालिकाहरुले छिटो भन्दा छिटो उक्त मापदण्ड बमोजिमको प्रक्रिया पुरा गरी राहात रकम निर्धारण समिति समक्ष पेश गर्ने ।

निर्णय नं. ६

कोभिड-१९ को जोखिम अझै पनि रहिरहेकाले अत्यावश्यक काम परी घरबाहिर निस्कनै पर्ने भएमा अनिवार्य रुपमा माक्स लगाउने, भौतिक दुरी कायम गर्ने, साबुन पानीले हात धुने वा स्यानीटाईजर प्रयोग गर्ने र निर्धारित जनस्वास्थको मापदण्ड पालना गर्ने/ गराउने ।

निर्णय नं. ७

कोभिड-१९ को खोप लगाउन बाँकी व्यक्तिहरुको विवरण स्थानिय पालिकाहरु र स्वास्थ्य कार्यालयले समन्वयमा तयार गरी योजनाबद्ध रुपमा खोप लगाउने व्यवस्था मिलाउने।

निर्णय नं. ८

सडक, खानेपानी, सिंचाई, विद्युत्, टेलिकम लगायतका भौतिक पूर्वाधार कार्यालयहरुले आ-आफ्नो निकायबाट सम्पादन गर्नु पर्ने विकास निर्माणका कार्यहरुलाई माथिल्लो निकायमा समन्वय गरी तोकिएको समय भित्रै सम्पन्न गर्ने व्यवस्था मिलाउने।

निर्णय नं. ९

सबै पालिकाहरुले आ-आफ्नो क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको विवरण मालपोत कार्यालय र नापी कार्यालयको समन्वयमा तयार पार्ने । साथै विपद्को समयमा प्रयोग गर्न सकिने गरी आ-आफ्नो पालिका अन्तरगत खुल्ला क्षेत्र पहिचान गरी राख्ने ।

निर्णय नं. १०

विभिन्न किसिमका विपद्का घटनाहरु र त्यसबाट हुने धनजनको क्षती र उक्त क्षतीलाई न्यूनिकरण गर्ने उपायहरुको वारेमा विभिन्न संचारका माध्यमहरुले जनहितमा जारी सन्देश प्रवाह गरी सहयोग पुर्‍याउने।

निर्णय नं. ११

नेपाल रेडक्रस सोसाईटी लगायत मानवीय सहायताको क्षेत्रमा काम गर्ने अन्य गैर सरकारी संघ सस्थाहरुले विपद् जोखिम न्यूनिकरण सम्वन्धी कार्य गर्ने।

निर्णय नं. १२

जिल्लामा ब्लड बैंक संचालनको लागि गोरखा अस्पताल र नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा गोरखाले समन्वयत्मक रुपमा प्रतिवेदन तयार पारी १५ दिन भित्र पेश गर्ने ।

Scanned with CamScanner